प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

## चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- वालवालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- वढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३१४ ॥ २०८१ पुष २० गते शनिबार (4th Jan 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# अनलाइन ठगीबाट बच्न सिआइबीको आग्रह




झापा(प्रस) । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले पछिल्लो समयमा विभिन्न प्रलोभनमा पारेर अनलाइन ठगी बढेको भन्दै ठगीबाट बच्न अनुरोध गरेको छ।

सिआइबीका प्रवक्ता, प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले हालैमात्र पोखरामा ५७ लाख, चितवनमा १६ लाख, नेपाल सरकारका कर्मचारीहरुको ५ लाख ५० हजार, विभिन्न कम्पनी तथा सर्वसाधारणहरुको करोडौं रकम ठगी भएको र उक्त विषयमा अनुसन्धान भइरहेको जानकारी दिँदै त्यस्ता लोभमा नफस्न अनुरोध गरेका छन्।

शुक्रवार सिआइबीले सात बुँदामा विज्ञप्ति जारी गर्दै केही दिन यता सामाजिक सञ्जालहरु जस्तै फेसबुक, इन्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, म्यासेन्जर, भाइबर तथा इमोलगायतबाट फोन गरी डिजटिल वालेट तथा बैंक/वित्तीय संस्थाबाट बोलेको भनी विभिन्न अपरिचित नम्बरहरुबाट फोन गरी वा म्यासेज गरी नेपाल सरकारका कर्मचारीहरु तथा आम सर्वसाधारणहरुलाई समेत धोकापूर्ण तरिकाले प्रलोभनमा पारी ठगी गर्ने गरिएको पाइएको जानकारी गरेको छ।

यस्ता घटनाहरुप्रति गम्भीर ध्यानाकर्षण भएको सिआइबीले जनाएको छ। त्यस्ता ठगीबाट बच्न अनुरोध गर्दै सिआइबीले विभिन्न सातबुँदे ध्यानाकर्षण पनि सार्वजनिक गरेको छ।

सिआइबिले इसेवा खल्ती जस्ता वालेट, बैंक तथा वित्तीय संस्थाहरुको लोगोसमेत प्रयोग गरी धोकापूर्ण तरिकाले सम्बन्धित संस्थाको आधिकारिक व्यक्ति भनी कल गर्ने तथा पटक-पटक गलत पासवर्ड राखेर वालेट अल्पकालीन बन्द गर्ने, त्यही समय वालेट प्रयोगकर्तालाई कल गरी तपाईंको यसमा समस्या आएको छ म सेवा प्रदायक कम्पनीबाट बोलेको भनी ओटीपी माग गर्नेहरुसँग सावधानी हुन अनुरोध गरेको छ। सावधानी नभए क्षणभरमा नै उक्त वालेटमा भएको पैसा अन्य व्यक्तिको वालेटमा वा बैंक खातामा ट्रान्सफर हुने भनी सजक पनि गराएको छ।

यस्तै सामाजिक संजालमा विभिन्न खालका प्रलोभनमा पार्ने म्यासेजहरु पठाउने र विभिन्न किसिमका एआइले बनाएको आवाजबाट कल गरी तपाईंको सामान आएको छ, तपाईलाई फाईदा हुने खालको ब्यापार छ भन्ने जस्ता लिंक पठाई खोल्न लगाउने र लिंक खोल्ने वित्तिकै युजर नेम र पासवर्डमा पहुँच पुर्याएर पैसा रकमान्तर गर्ने गरेको भन्दै त्यसतर्फ पनि सावधानी हुन सिआइबीले अनुरोध गरेको छ।

अनलाईन व्यापारको नाममा सामाजिक सञ्जालमा विभिन्न साईटहरु खोली सामानको आकर्षक फोटो भिडियो अपलोड गर्ने र कुनै ग्राहकले सामान अर्डर गर्दा विभिन्न बैंक खातामा रकम माग गर्ने र रकम प्राप्त गरिसकेपछि सामान डेलिभरि नगरी सम्पर्कविहिन हुने अवसथ समेत रहेको प्रहरीले जनाएको छ।

यस्ता कार्यमा यस्तो कार्यमा हालसम्म ५०० भन्दा बढी फोन नम्बरहरु सक्रिय भएको हुँदा यस्ता अपरिचित नम्बरहरुबाट आएका फोन तथा मेसेजहरु नउठाउन तथा रिप्लाई नगर्न पनि सिआइबीले सबैमा अनुरोध गरेको छ।

यस्ता किसिमका ठगीमा संलग्न व्यक्तिहरुको सम्बन्धमा कुनै जानकारी भएमा यस केन्द्रीय अनुसन्धान ब्यूरो तथा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन पनि अनुरोध गरिएको प्रवक्ता बोगटीले बताए।

# पूर्वराष्ट्रपति भण्डारीको चर्चाले ओलीलाई गाह्रो

झापा(प्रस) । गणतन्त्र नेपालको दोस्रो राष्ट्रपतिका रूपमा निरन्तर दुई कार्यकाल पूरा गरेर 'रिटायर्ड' भएकी विद्यादेवी भण्डारी यतिबेला राजनीतिक चर्चाको केन्द्रमा छिन्। चर्चा चुलिनुको प्रमुख कारण हो- शीतलनिवासबाट बिदा भएयता उनले देखाएको राजनीतिक सक्रियता।

नेकपा एमालेका पूर्व-उपाध्यक्षसमेत रहेकी भण्डारीले सक्रिय राजनीतिमा फर्कने गरी देखाएको सक्रियतालाई खासगरी दुई कोणबाट चर्चा गर्ने गरिएको छ। पहिलो : देशकै सर्वोच्च पदमा रहिसकेको व्यक्ति पार्टी राजनीतिमा ओर्लिन खोज्नु र दोस्रो : उनको राजनीतिक चर्चाबीच एमालेमा देखिएका र भविष्यमा देखिन सक्ने परिदृश्य।

राष्ट्रपति जस्तो देशकै सर्वोच्च पदमा रहिसकेको व्यक्ति पार्टी राजनीतिमा आउन नहुने एकथरी मत छ। संवैधानिक नैतिकताको प्रश्न उठाउँदै प्रबुद्ध वर्गको एउटा पंक्ति पूर्वराष्ट्रपति पार्टी राजनीतिमा ओर्लिन नहुने पक्षमा छ।

पदमा नरहँदा पनि राष्ट्र र संविधानको संरक्षकको अहम् दायित्व हुने हुँदा सक्रिय राजीतिमा नफर्किंदा नै राम्रो हुने उनीहरूको तर्क छ। संविधानविद्, कानुन व्यवसायी, दलकै कतिपय नेता, लेखक तथा विश्लेषक एवं नागरिक अगुवाले पनि पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा फर्किनुलाई स्वाभाविक मानेका छैनन्।

तर, पूर्वराष्ट्रपति वा उपराष्ट्रपति सक्रिय राजनीतिमा फर्कन कुनै कानुनी बन्देज भने छैन। त्यसैले अर्का थरीले भने सामान्य रूपमा लिएका छन्।

२०७२ कार्तिक ११ गते देशको प्रथम महिला राष्ट्रपति बनेर इतिहास रचेकी भण्डारी २९ फागुन ०७९ मा दोस्रो कार्यकाल पूरा गरेर बिदा भएर सरकारी सुविधा नलिई निजी तवरले बसेकी छन्।

पूर्वराष्ट्रपतिका रुपमा राज्यबाट पाउने आधा सेवासुविधा नलिएर सक्रिय राजनीतिमा फर्कने संकेत पहिल्यै गरेकी उनले एमालेको सदस्यतासमेत नवीकरण गराइसकेकी छन्। पार्टीकै ब्यानरमा हुने कार्यक्रमदेखि व्यक्तिगत भेटवार्ता तथा छलफल त उनका लागि सामान्य भइसकेका छन्।

पूर्वराष्ट्रपति भण्डारीको यही सक्रियताले एमालेमा देखिएको र भविष्यमा देखिन सक्ने परिदृश्यको विश्लेषण अर्को रोचक पक्ष हो। यो विषयलाई लिएर एमाले पंक्ति दुई खण्डमा विभाजित छ। प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष केपी शर्मा ओली भण्डारीको राजनीतिक सक्रियताले बेचैन बनेका छन्।

ओली ११औं महाधिवेशनमा फेरि अध्यक्ष बन्न चाहन्छन्। उनले तेस्रो कार्यकालका लागि अध्यक्ष दोहोरिने गरी आफूअनुकूल विधान संशोधन गरिसकेका छन्। सार्वजनिक रूपमै पनि ओलीले अरूलाई 'आस नगर्न' भन्दै आएका छन्। २३ चैत ०८० मा कास्की पुगेर उनले अझै २० वर्ष आफूले नेतृत्व लिने र अरू कसैले आशा नगरे पनि हुने बताएका थिए।

तर, एमालेमा पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा फर्काउन एउटा ठूलै पंक्ति सक्रिय रहको बताइन्छ। इतर पक्षका मात्र नभई विगतमा ओलीका कट्टर समर्थक मानिएकै कतिपय नेताहरू भण्डारीलाई एमालेमा फर्काउन प्रयासरत छन्।

ओलीले भण्डारी स्वयंलाई 'धारे हात' त लाएकै छन्, उनलाई पार्टीमा फर्काउन सक्रिय एमाले पंक्तिलाई समेत बेलाबखत चेतावनी दिन पछि परेका छैनन्।

# शिवाकोटीविरुद्ध अदालतमा अभियोग पत्र दायर



झापा(प्रस) । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीविरुद्ध झापा जिल्ला अदालतमा अभियोग पत्र दायर गरिएको छ। सरकारी वकिलको कार्यालय झापाले शिवाकोटीलाई शुक्रवार अदालतमा उपस्थित गराई अभियोग पत्र दायर गरेको हो । सरकारी वकिलको कार्यालयका तर्फबाट शिवाकोटीविरुद्ध जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरिएको जिल्ला न्यायाधिवक्ता रुद्र आचार्यले बताए । अभियोग पत्र दर्ता भइसकेको बताउँदै जिल्ला अदालतका स्रेस्तेदार किरणकुमार सिंहले शनिवार विदा परेकाले आइतवार आरोपितसंग बयान लिएर थुनछेक बहस शुरु गरिने जानकारी दिए। बीएण्डसी अस्पतालमा रहेकै बेला शिवाकोटीसंगको बयान लिएर प्रहरीले अनुसन्धान पूरा गरेको थियो । आफूहरुले मुद्धा सरकारी वकिलको कार्यालयलाई बुधवार बुझाइसकेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

घरेलु कामदारको रूपमा राखिएकी नाबालिकालाई करणी गरेको आरोपमा प्रहरीले उनलाई पक्राउ परेकै दिनदेखि बीएण्डसी अस्पतालमा राखेको छ । स्वास्थ्यमा समस्या भएको देखिएपछि शिवाकोटीलाई अस्पतालमा भर्ना गरिएको थियो । प्रहरीले उनलाई गत मंसिर २४ गते पक्राउ गरेको थियो ।

# बिर्तामोड महोत्सवमा हाम्रो अपेक्षा

• **केशव भट्टराई**

झापा । उद्योग र व्यापारमा अपवादबाहेक अधिकांश व्यवसायीहरू नै विकर्षित भइरहेका बेला झापाको बिर्तामोडमा फेरि औद्योगिक व्यापार महोत्सव आयोजना हुँदैछ।

बिर्तामोड शहर झापाको मात्र नभएर पूर्वी नेपालकै प्रमुख बजारको रूपमा परिचित छ। त्यसमा पनि अलैची, अदुवा, कुचो, सुपारी, मसलाजस्ता कृषिजन्य वस्तुको केन्द्रीय बजार पनि हो बिर्तामोड।

यो शहरले व्यापार, कृषि, उद्यमशीलता, पर्यटन र स्वरोजगारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। आर्थिक गतिविधि सुस्ताइरहेका बेला यहाँका व्यवसायी र सर्वसाधारणले औद्योगिक व्यापार महोत्सवबाट कस्तो अपेक्षा गरेका छन् ?

उनीहरूको अपेक्षालाई महोत्सवले कति सम्बोधन गर्न सक्छ ? उद्योग व्यापारको प्रवर्द्धन र व्यावसायिक चहलपहलका लागि यो महोत्सवमार्फत के कस्ता योजना कार्यान्वयन हुँदैछन् ?उद्योगी व्यवसायी समेतको नेतृत्व गरिरहेको आयोजक बिर्तामोड उद्योग वाणिज्य संघले महोत्सवअघि स्पष्ट खाका तयार गर्नु जरुरी देखिन्छ ।

बिर्तामोड र आसपासका क्षेत्रमा साना तथा ठूला उद्योगहरू सञ्चालन गरी आर्थिक गतिविधि सशक्त बनाउने प्रयत्न गरिरहेका यहाँका व्यवसायीहरूले देश-विदेशका विभिन्न भागमा उत्पादित सामग्रीहरूको भण्डारण, वितरण र निर्यातको काम पनि गरिरहेका छन् । यो परिवेशमा कृषि उद्यम र कृषि व्यापारलाई यो महोत्सवले थप प्रोत्साहन गर्न सक्नुपर्दछ ।

झापासहित पहाडी जिल्लाहरू कृषि उत्पादनका लागि प्रसिद्ध छन्। आसन्न महोत्सवले यहाँका व्यवसायीहरूमार्फत कृषि उत्पादनको प्रशोधनदेखि तयारी वस्तु उत्पादन गरेर रोजगार सिर्जना गराउन थप प्रोत्साहित गर्न सकेको खण्डमा सबै लाभान्वित हुने नै छन् ।

# झापा इनर्जीले गर्यो ९ करोड २७ लाख आम्दानी




बिर्तामोड(प्रस) ।झापा इनर्जी लिमिटेडले एघार महिनामा विद्युत बिक्रीबाट नौ करोड २७ लाख ४१ हजार ४७० रुपैयाँ आम्दानी गरेको छ । झापा इनर्जी लिमिटेडको आज बिर्तामोडमा आयोजित छैठौं बार्षिक साधारण सभामा अध्यक्ष एलपी साँवा लिम्बूले गत माघदेखि यही मंसिरको एघार महिनामा विद्युत बिक्रीबाट नौ करोड २७ लाख ४१ हजार ४७० रुपैयाँ आम्दानी गरेको बताएका हुन् ।

झापा क्षेत्र नं. ४ बाट प्रतिनिधि सभामा निर्वाचित सांसद साँवाले २०८० माघ १० गतेदेखि असार ३१ गतेसम्म ७२ लाख ४४ हजार ४९० युनिट विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्दा पाँच करोड २८ लाख ८४ हजार ७७७ रुपैयाँ आम्दानी गरेको बताए ।

त्यस्तै गत माघदेखि उक्त आयोजनाले २०८१ मंसिर ३० गतेसम्ममा एक करोड २७ लाख ४ हजार ३११ युनिट विद्युत उत्पादनबाट नौ करोड २७ लाख ४१ हजार ४७० रुपैयाँ आम्दानी गरेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।

कम्पनीको अधिकत पुँजी ४० लाख कित्ता बराबर प्रति शेयर रु.१०० का दरले ४० करोड र जारी पुँजी ३८ करोड १ लाख ९ हजार रहेको छ ।

कम्पनीको संस्थापक शेयरधनीहरुले ७५ प्रतिशतले हुन आउने २८ करोड ५१ लाख ४२ हजार ५०० रुपैयाँ बराबरको शेयर कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र सर्वसधारणका लागि जारी गरिएको छ ।

उक्त परियोजना शिवसताक्षी-४ स्थित बुलुचोकमा २१ विघा ११ कठ्ठा साढे ११ धुर क्षेत्रफलमा रहेको छ । जसमध्ये १० विघा १७ कठ्ठा १८.५ धुर र झापा इनर्जीको स्वामित्व रहेको झापा एग्रो इण्डिष्ट्रिज प्रालिको नामको १० विघा १३ कठ्ठा ११ धुर रहेको छ ।

परियोजना २०७५ असोज १६ गते स्थापना भएको थियो । उत्पादन भएको सौर्य विद्युत ३३ केभी सिंगल सर्किट प्रसारण लाइनमार्फत दमक वितरण केन्द्रअन्तर्गत बुलुचोक सवस्टेशनमा लगि राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

यसैबीच कम्पनीले चाँडै आईपीओ जारी गर्ने भएको छ । साँवाका अनुसार आईपीओ जारीको प्रक्रियामा छ । धितोपत्र बार्डले स्वीकृति दिनेवित्तिकै आईपीओ जारी गरिने उनको भनाई छ ।

कार्यक्रममा कोशी प्रदेश सरकारका पूर्व कृषि मन्त्री एवम् कम्पनीका पूर्व सञ्चालक झलकसिंह दर्लामी, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष एवम् सहारा नेपाल साकोसका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।कम्पनीका सचिव तथा महाप्रबन्धक सरोज श्रेष्ठले आय-व्यय प्रस्तुत गरेका थिए ।

झापा इनर्जी लिमिटेडका अध्यक्ष एलपी साँवाको अध्यक्षतामा सम्पन्न साधारण सभामा स्वागत सञ्चालक रामचन्द्र उप्रेती र सञ्चालन प्रबन्धक सञ्चालक सुवास भट्टराईले गरेका

# बिर्तामोड महोत्सवका लागि ९ वटा उपसमिति गठन

झापा(प्रस)। बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवका लागि विशाल थापाको संयोजकत्वमा गठन गरिएको महोत्सव मूल आयोजक समितिलाई विस्तार गरिएको छ । त्योसंगै विभिन्न ९ वटा उपसमिति गठन गरिएका छन् ।


अर्थतन्त्रलाई चलायमान बनाउन र स्थानीय स्तरमा उत्पादित वस्तुलाई अन्तर्राष्ट्रिय स्तरसम्म प्रवर्द्धन गर्न बिर्तामोडमा आगामी माघ ८ देखि १९ गतेसम्म अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको आयोजना गरिने भएको छ ।

महोत्सवलाई सफल बनाउन यसअघि थापाको संयोजकत्वमा महोत्सव मूल आयोजक समिति गठन गरिएको थियो । सोही समितिलाई बिर्तामोड उद्योग वाणिज्य संघको बैठकले विस्तार गरेको हो । महोत्सव मूल आयोजक समितिमा संघका

❖ बाँकी अन्तिम पृष्ठमा

## प्राणघातक स्तन क्यान्सरबाट बचौं
## स्तन क्यान्सरका लक्षणहरू

- **स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,**
- **स्तनको छालामा निको नहुने घाउ आउनु,**
- **स्तनको आकारमा परिवर्तन हुनु,**
- **स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,**
- **स्तनको मुन्टा भित्रतर्फ जानु,**
- **स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,**
- **स्तन दुख्नु वा सुन्निनु,**
- **यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं**




**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# सुरुङ्गा जेसीजले वितरण गर्यो न्यानो कपडा र स्टेशनरी सामग्री

कुमरखोद , पुष १९ । झापा गाउँपालिका वडा १ लसुनामा रहेको अमरसिंह प्राथमिक विद्यालयका विद्यार्थीहरुलाई सुरुङ्गा जेसीजले न्यानो कपडा र स्टेशनरी सामग्री वितरण गरेको छ ।

चिसो मौसम सुरु भएसंगै ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत निम्न आय भएका परिवारका छोराछोरीहरु जाडोकै कारण पठनपाठनबाट बन्चित हुनु पर्ने अबस्थाबाट थोरैलाई भएपनि राहत मिलोस् भन्ने उद्धेश्यले शुक्रबार सुरुङ्गा जेसीजले अमरसिंह प्राविका १ सय १० जना विद्यार्थीलाई न्यानो कपडा र स्टेशनरी सामग्री वितरण गरेको हो ।

श्रेष्ठ ज्वेलर्स सुरुङ्गाका संचालक प्रविन श्रेष्ठ , सपना श्रेष्ठका आमा चन्दा श्रेष्ठले स्वर्गीय पति गौरीलाल श्रेष्ठको स्मृतिमा गरिएको विशेष सहयोग र सुरुङ्गा जेसीजका पूर्व अध्यक्षहरुबाट सो सहयोग प्रदान गरिएको सुरुङ्गा जेसीजका बर्ष २०२४ का अध्यक्ष दुर्गा पाठक राजुले जानकारी दिए । सुरुङ्गा जेसीजका अध्यक्ष दुर्गा पाठक राजुको अध्यक्षता तथा झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।कार्यक्रम संयोजक सुरुङ्गा जेसीजका संचार संयोजक जेनिस चौलागाईंले मानवताको सेवा नै जीवनको सर्वोतम कार्य हो भन्ने मान्यतालाई लिएर जेसीजले गर्दै आएको विभिन्न सामाजिक कार्यअनुसार न्यानो कपडा र स्टेशनरी सामग्री वितरण गरिएको जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथि कार्यवाहक अध्यक्ष थपलिया ,जेसीजको पूर्व अध्यक्षका तर्फबाट उषा उदुका उप्रेतीलगायतले बोलेका थिए । कार्यक्रममा लायन्स क्लव झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह , वडा नं. १ का वडा अध्यक्ष राजकुमार यादव , कार्यपालिका सदस्य रुपलाल गणेश , जेसीजका पूर्व अध्यक्षहरु कुमारमणि पोखरेल , मोतिखर ओझा , शिवकुमार कँडेल , प्रस्तावित झापा जेसीजका अध्यक्ष मुकेश शाह , सुरुङ्गा सहकार्य युवा क्लवका अध्यक्ष सुमन कार्की , रेडक्रस उपशाखा कुमरखोदका पूर्व सभापति सुन्दरलाल गणेश, उद्योग बाणिज्य संघ झापा गाउँपालिकाका वरिष्ठ उपाध्यक्ष मनोज गणेश , समाजसेवी टंक विकलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमको संचालन जेसीजका महासचिव रिसवसिंह चहारले गरेका थिए ।।

# गठबन्धनलाई फुटाउन शक्तिकेन्द्र सक्रिय रहेको आरोप

बिर्तामोड(प्रस) । नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले दुईदलीय गठबन्धनलाई फुटाउन शक्तिकेन्द्रहरु सक्रिय रहेको बताएका छन् ।नेपाली कांग्रेस झापा २ नम्बर क्षेत्रीय समितिको आयोजनामा जिल्ला पार्टी कार्यालयमा आयोजित सयदिने विशेष सांगठनिक अभियान अन्तरगतको क्षेत्रीय भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेता थापाले यस्तो धारणा राखेका हुन् । '०८४ सम्म गठबन्धन कायम राख्नुको विकल्प छैन'उनले भने'सबै दल अल्पमतमा छन्, सानो दललाई बोकेर देश चलाउँदा अपेक्षित काम गर्न सकिएन । तसर्थ ठूला दुई दल कांग्रेस एमाले मिलेर गठबन्धन बनेको हो । यसको विकल्प छैन ।' दुईदलीय गठबन्धनका विरुद्ध बोल्ने छुट पार्टीका नेता-कार्यकर्ताहरुलाई नभएको जिकिर गर्दै नेता थापाले समस्या आए संस्थागत रुपमै दुईदलीय संयन्त्रमार्फत समाधान गर्नुपर्ने विचार ब्यक्त गरे ।




गठबन्धन सरकारको सहमतिको पहिलो एजेण्डा संविधानमा सुधार रहेको चर्चा गर्दै उनले राष्ट्रियसभालाई पूर्ण समानुपातिक बनाएर प्रतिनिधिसभामा समानुपातिक ब्यवस्था संशोधन गर्ने तयारी रहेको संकेत गरे ।

नेपाली कांग्रेस कोशी प्रदेशको आयोजनामा यही पुष २४ गतेदेखि शुरु हुने कचनकवल-सगरमाथा जागरण अभियानमा सबैलाई सहभागी हुन आह्वान गर्दै नेता थापाले अभियानका क्रममा चौध जिल्लाको सांगठनिक अवस्था, जनप्रतिनिधिको भूमिका, कांग्रेस सरकारमा रहँदा ल्याइएको गौरबका योजना, पार्टीका अग्रज एवं शहीद परिवारको राजनीतिक योगदान र पारिवारिक अवस्थालगायतका विषयमा अध्ययन-अनुसन्धान गरिने जानकारी दिए ।

उनका अनुसार उक्त अभियान सात महिनापछि सगरमाथाको कालापत्थरमा जलवायु परिवर्तनसम्बन्धी विभिन्न सात राष्ट्का विषयविज्ञहरु राखेर छलफलपछि समापन हुनेछ । कोशी प्रदेशभरमै सयदिने अभियान झापामा उत्कृष्ट भएको भन्दै नेता थापाले प्रशंसा गरे ।

कार्यक्रमका विशेष अतिथि संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीले अभियानले संगठनमा जागरुकता ल्याएको चर्चा गर्दै पार्टीको शीर्ष नेतृत्वमा बस्नेले सबैलाई समेट्न नसक्दाको असर तल्लो तहमा समेत देखिएकोले सबैलाई समेटेर संगठन बलियो बनाउन आग्रह गरे ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, कोशी प्रदेश समितिका सदस्य एवं संगठन विभाग प्रमुख मदन संग्रौला, झापा उपसभापति केशवराज पाण्डे, नेपाल प्रजातन्त्र सेनानी संघ झापाका अध्यक्ष लिलक सिटौला, नेपाल महिला संघ झापा अध्यक्ष टिका सिटौला मैनाली, नेपाली कांग्रेस विर्तामोड नगर सभापति भोजराज सिटौला, अर्जुनधारा नगर सभापति हेमराज खरेललगायतले शुभकामना मन्तब्य राखेका थिए । नेपाली कांग्रेस २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत उपसभापति किरण श्रेष्ठ र सञ्चालन सचिव चन्द्र चुडालले गरेका थिए ।

# मोटरसाइकल चालकको मृत्यु, २ जना घाइते




झापा(प्रस) । विराटनगरमा शुक्रवार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मोटरसाइकलमै सवार २ जना घाइते भएका छन्। भारतीय नम्बर प्लेटको ट्रकमा ३ जना सवार मोटरसाइकल ठोक्किँदा दुर्घटना भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले बताए। उनका अनुसार विराटनगर महानगरपालिका-१४ स्थित आईसीपी रोडमा दुर्घटना भएको हो। नयाँ भन्सार कार्यालय (आईसीपी)बाट विराटनगरतर्फ आउँदै गरेको कोइला लोड गरिएको जेएच १५ जे ७१०३ नम्बरको ट्रकमा विपरीत दिशातर्फ जाँदै गरेको प्रदेश १-०२-०४१ प १३२१ नम्बरको मोटरसाइकल साँझ ५:२५ बजेतिर ठोक्किएर दुर्घटना भएको जोशीले जानकारी दिए। उनका अनुसार दुर्घटनामा परेर मोटरसाइकलमा सवार ३ जना घाइते भएका थिए। घाइतेमध्ये मोटरसाइकल चालक विराटनगर-१५ का अन्दाजी १६ वर्षीय सुरज ठाकुरको मृत्यु भएको हो।

उपचारका लागि कोशी अस्पताल पुऱ्याउनसाथ साँझ ६ बजेतिर सुरजलाई चिकित्सकले मृत घोषित गरेको डीएसपी जोशीले बताए। दुर्घटनामा परेर मोटरसाइकलमा सवार विराटनगर-१५ का अन्दाजी १६ वर्षीय आदित्य साह र विराटनगर-१४ का अन्दाजी १८ वर्षीय विकासकुमार यादव घाइते भएका छन्। घाइतेमध्ये आदित्वको अवस्था मध्यम र विकासको अवस्था सामान्य छ। कोइला लोड गरिएको ट्रक दुर्घटनालगत्तै सडकको साइडमा पल्टिएको थियो। ट्रक चालक फरार रहेकाले खोजी तीव्र पारिएको जोशीले बताए।

# लेखा समितिका सभापतिको स्वकीय सचिव बर्खास्त

झापा(प्रस) । सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखेलले स्वकीय सचिव अनिलकुमार पोखेललाई पदबाट बर्खास्त गरेका छन् । पोखेल ठगी धन्दामा संलग्न रहेको सार्वजनिक भएपछि पदबाट हटाइएको हो ।

शुक्रवार एक विज्ञप्ति जारी गर्दै सभापति पोखेलले भनेका छन्, 'मेरो स्वकीय सचिवको रूपमा कार्यरत अनिलकुमार पोखेललाई उच्च अदालत मोरङबाट पक्राउ पुर्जी जारी भएको भन्ने विभिन्न मिडियामा प्रकाशित समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। निजमाथि लगाएका विभिन्न आरोपहरूको अनुसन्धानमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ मेरो स्वकीय सचिवको जिम्मेवारीबाट आजैको मितिदेखि लागु हुनेगरी निष्कासन गरेको ब्यहोरा अनुरोध गर्दछु । भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न जो कोहीमाथि निष्पक्ष छानबिन र दोषी उपर कडा कारबाही हुनुपर्दछ ।'

# मिलेमतोमा बढाइयो चिनीको मूल्य




झापा(प्रस) । ठुला चिनी मिलले उत्पादन सुरु गर्नेबित्तिकै चिनीको उपभोक्ता मूल्य बढाएका छन् । साना मिलबाट उत्पादन सुरु हुँदा तल झरेको मूल्य ठुला मिलबाट उत्पादन सुरु भएपछि एक सातामै प्रतिकिलो आठ रुपियाँले बढेको हो ।

उखु क्रसिङ गरेर नयाँ चिनी बजारमा आउँदा प्रतिकेजी मूल्य ८४ चलेको थियो । साना मिल सञ्चालनमा आएपछि प्रतिकिलो ८४ रुपियाँबाट पनि चिनीको मूल्य तल झरेपछि ठुला मिलले क्रसिङ सुरु गरेका थिए तर ठुला मिलले क्रसिङ सुरु गरेपछि चिनीको मूल्य एक सातामै आठ रुपियाँ प्रतिकेजी वृद्धि भएको विराटनगरका व्यापारी जीवन रिजालले जानकारी दिए ।

उनले भने, "सुरुमा ८६ रुपियाँ प्रतिकेजी खरिद गरेको चिनी अहिले ९१ रुपियाँ पुगेको छ । ठुला उद्योगले उत्पादन सुरु गर्दै कार्टेलिङ सुरु भयो ।"८२ रुपियाँबाट सुरु भएको नयाँ चिनीको मूल्य ९२ रुपियाँसम्म पुग्ने अवस्थालाई सरकारले रोक्नु पर्छ । नेपालको उत्पादनले छ महिनालाई मात्रै पुग्छ, सुरुमै मूल्य बढाएर उद्योगीले उपभोक्तालाई सीमापार बजार पठाउन खोजिरहेका छन् ।" नेपालमा उत्पादन हुने चिनीको मूल्य बढ्यो भने भारतबाट अवैध आयात बढ्ने सम्भावना बढ्छ । उत्पादकबाट चिनी खरिद गरेर कारोबार गर्दै आएका रिजालले एक क्विन्टलमा २२५ रुपियाँ मुनाफा राख्न नमिल्ने बताए । उनले भने, "भारतमा अहिले प्रतिकेजी ३८ रुपियाँमा चिनी पाइन्छ । उत्पादन लागत उस्तै हुँदा नेपालमा यति धेरै बढाउन मिल्दैन । भारतमा सस्तो पर्ने भएपछि उपभोक्तादेखि ठुलो परिमाणमा खपत गर्ने उद्योगले चिनीको अवैध पैठारी गर्न सक्ने सम्भावना रहन्छ ।"

# भाक्का दिवसमा लगातार कार्यक्रम



झापा(प्रस) । पूर्वी तराईका राजवंशी, ताजपुरिया,गनगाईलगायतका आदिवासी जातिको मौलिक परिकार भाक्कालाई प्रवर्द्धन गर्नका लागि शुरु गरिएको भाक्का दिवसका अवसरमा विभिन्न ठाउँमा कार्यक्रम आयोजना गरिएको छ ।

भाक्का दिवसको अवसरमा पूर्वेली मजदुर यातायात प्रालि र बन्दगी युवा परिवारले शनिवार विराट सहकारी भवन अगाडि भाक्का उत्सव आयोजना गर्दैछन् । मौलिक परिकार भाक्कालाई प्रवर्द्धन गर्नका लागि भाक्का उत्सव आयोजना गरिएको पूर्वेली मजदुर यातायात प्रालिका हरि बाँस्कोटाले बताए । बिर्तामोड ३ का वडा सदस्यसमेत रहेका बास्कोटाले शनिवार बिहान ६ बजेदेखि भाक्का खुवाउने कार्यक्रम रहेको जानकारी दिए ।

त्यस्तै अभय राजवंशी नेतृत्वको राजवंशी समाज विकास समितिले पुष २ ९ गते बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालामा भाक्का दिवस आयोजना गर्ने भएको छ । कार्यक्रममा नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी ललित राजवंशीलाई सम्मान गर्ने बताइएको छ ।

त्यस्तै उत्तम राजवंशी जिल्ला अध्यक्ष रहेको अर्को राजवंशी समाज विकास समितिले एकदिन अगावै पुष २८ गते भद्रपुरमा भाक्का उत्सव गर्ने जनाएको छ ।

# एक पटकमात्रै सुविधा पाउने व्यवस्था गर्न प्रस्ताव



झापा(प्रस) ।लोकसेवा आयोगले एक पटकमात्रै आरक्षणको सुविधा पाउने व्यवस्था गर्न प्रस्ताव गरेको छ । शुक्रबार बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सम्बन्धमा छलफल हुँदा आयोगले सहायक तह र अधिकृत तहमा एक-एक पटकमात्र सुविधा पाउने व्यवस्था गर्न प्रस्ताव गरेको हो ।

साथै समावेशी समूहबाट सिफारिस गरी पदपूर्ति गरिएको खण्डमा जुन-जुन समावेशी समूहबाट जतिजति संख्यामा पदपूर्ति गरिएको हो उक्त पूर्ति हुन नसकेका समूहहरूको लागि अर्को पटक लगत्तै हुने विज्ञापनमा प्रतिशत निर्धारण गर्दा हाल पूर्ति भएको समावेशी समूहमा कायम भएको पदबाट पदपूर्ति हुन नसकेको समावेशीहरूको पद कायम गर्न प्रस्ताव गरिएको छ ।

'यो व्यवस्था एक पटकको सो समूहको विज्ञापनका हकमा मात्र लागू हुने छ' भन्ने व्यवस्था थप गर्न आयोगको लिखित सुझाव छ ।

यसले नेपालको संविधान बमोजिम समावेशी नीतिलाई सम्बोधन गर्न र समावेशितालाई वञ्चित सबै वर्ग र क्षेत्रमा पुऱ्याउने सुनिश्चित हुने आयोगको दाबी छ ।

## बिर्तामोड...

महासचिव कुशल खतिवडालाई सचिवको जिम्मेवारी दिइएको छ भने युवराज निरौलालाई कोषाध्यक्षको जिम्मेवारी प्रदान गरिएको छ ।

सोही समितिको सदस्यहरुमा रमेश घिमिरे, अनन्तलाल महत्तो, दिनेश श्रेष्ठ, डिल्लीराम कोइराला, शत्रुघनप्रसाद गुप्ता र सुष्मा उप्रेती सुवेदी रहेका छन् ।त्यस्तै अनुगमन समितिको संयोजकमा गोमा भट्टराई रहेकी छन् भने सदस्यहरुमा कृष्णप्रसाद बजगाई, युवराज कार्की पर्वत र सुशीलाकुमारी कार्की रहेका छन् ।

त्यस्तै संघका पूर्व अध्यक्ष प्रकाश शिवाकोटीको संयोजकत्वमा अतिथि सत्कार तथा व्यवस्थापन उपसमिति , निर्मल भट्टराईको संयोजकत्वमा बैंक वित्तीय तथा सहकारी स्टल व्यवस्थापन उपसमिति गठन गरिएको छ ।

त्यस्तै राजकुमार घिमिरे 'राजु' संयोजक र विशेश्वरप्रसाद बजगाई सदस्य रहेको स्टल तथा स्टेज निर्माण व्यवस्थापन उपसमिति गठन गरिएको छ । जीवनकुमार खड्काको संयोजकत्वमा सांस्कृतिक एवम् सांगीतिक कार्यक्रम व्यवस्थापन उपसमिति गठन गरिएको छ । सचिवालय व्यवस्थापन /विद्युत प्राधिकरण संयोजन उपसमितिको संयोजकमा पुकार बराल तथा सदस्यहरुमा राजु गौतम र रुद्रप्रसाद भुर्तेल रहेका छन् ।

दैनिक कारोवार तथा टिकट व्यवस्थापन उपसमितिमा राजकुमार शाह संयोजक तथा दिनेश श्रेष्ठ र युवराज कार्की सदस्य रहेका छन् । तिलोत्तमा खत्रीको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको छ । जसको सदस्यमा शत्रुघनप्रसाद गुप्ता , केदार खनाल र सुशीलाकुमारी बस्नेत रहेका छन् ।

स्थानीय सांस्कृतिक कार्यक्रम व्यवस्थापन उपसमितिमा दिनेश श्रेष्ठ र स्वास्थ्य सेवा व्यवस्थापन उपसमितिमा कृष्णप्रसाद बजगाई संयोजक रहेका छन् । महोत्सव बिर्तामोड उद्योग वाणिज्य संघको अगुवाईमा आयोजनामा गर्न लागिएको हो ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री रितु सितु, पश्चिमः श्री कल्पना पौडेल, उत्तरः श्री प्रमिला अधिकारीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री प्रेम प्रसाद अधिकारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १७९०१ २० | १२४ | १३५. ४५ | २०७९/ १२ /२९ | २०८०/ ०३/०७ | २०८०/ ०४/३० |




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको
१५ दिने सूचना

## सम्पादकीय

# मौसमी फ्लुबाट बचौं

जाडो मौसममा इन्फ्लुएन्जा अर्थात् मौसमी फ्लुले धेरै दुःख दिने गर्छ। यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने सङ्क्रामक रोग हो।

यो भाइरस जाडो महिना बढी सक्रिय हुने गरेको छ। फ्लु 'ए', 'बी','सी', 'डी' गरी चार प्रकारका हुन्छन्। फ्लु सबै उमेर समूहलाई हुने भए पनि दीर्घरोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता भएका बढी जोखिममा हुने गरेको छ । ज्वरो आउनु, टाउको दुख्नु, जिउ र मांसपेशी दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, थकान महसुस हुनु यसका प्रमुख लक्षण हुन्। फ्लु भएका सबैलाई ज्वरो नआउन पनि सक्छ । फ्लु भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ।

फ्लुलाई हेलचेक्राइँ गर्दा निमोनिया हुनसक्छ । फ्लु भएका अधिकांश व्यक्तिलाई औषधी आवश्यक नपर्न सक्छ । दीर्घरोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लुले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले यस्तो व्यक्तिलाई फ्लुको समस्या भएमा चिकित्सकको परामर्श लिनु पर्छ । यस्ता व्यक्तिलाई रोगबाट हुने जोखिमलाई कम गर्न यो विरुद्धको खोप लगाउन चिकित्सकको सुझाव छ। मौसम परिवर्तनसँगै हुने मौसमी फ्लु एक प्रकारको भाइरसको संक्रमणबाट हुने रुघाखोकी हो। प्रायःजसो इन्फ्लुएन्जा भाइरसको संक्रमबाट बिरामीहरूमा रुघाखोकीलगायत ज्वरो आउने, शरीर धेरै दुख्ने, आलस्य हुने, टाउको दुख्ने, आँखाको नानी दुख्ने, नाकबाट पानी बग्ने, हाच्छ्यू आउने लक्षणहरू पनि देखिन्छन्।

यसरी मौसम परिवर्तनसँगै वातावरणीय तापमानको परिवर्तले मौसमी फ्लु लगाउने इन्फ्लुएन्जा भाइरस सक्रिय भई विभिन्न नयाँ प्रजातिको रुपमा प्रस्तुत हुने भएकोले मौसमी फ्लु यानिकी रुघाखोकीको समस्या धेरैमा देखिनु स्वाभाविक हो। किनकि यस्तो भाइरसका प्रजातिहरू एक मानिसबाट अर्को मानिसमा नजिक भएको अवस्थामा, भिडभाडमा अनि बिरामीसँगको बस्तुको सम्पर्कमा सहजै सर्नसक्छ।

यसरी मौसम परिवर्तनसँग हुने रुघाखोकीको समस्या आफै निको भएर जाने हुन्छ। सामान्यतया करिब ५–७ दिनमा नै यस्तो रुघाखोकीको लक्षणसहित हुने मौसमी फ्लु आफै निको भएर जान्छ।

हुन त एकपटक संक्रमण भएको भाइरसको विरुद्धमा शरीरले प्रतिरोधात्मक क्षमता त विकास गर्दछ तर भाइरसमा आनुवांशिक स्वरुप परिवर्तन गरी नयाँ रुपमा प्रस्तुत हुने क्षमता हुने भएकोले इन्फ्लुएन्जा भाइरस पनि हरेक मौसममा नयाँ रुपमा प्रस्तुत हुनसक्छ। फलस्वरुप बिरामीहरूमा हरेक पटक केही फरक लक्षण भने आउनसक्छ।






# बजेट नियन्त्रण र विनियोजन न्याय



• गोपीनाथ मैनाली

सार्वजनिक साधनमाथि जनताको नियन्त्रण लोकतन्त्रको सुन्दर पक्ष हो । नेपालमा पनि संवैधानिक आर्थिक, वित्त व्यवस्थापनका मान्य सिद्धान्त र कानुनमार्फत संसदीय गतिविधि र स्वयम् कार्यकारीले बजेटमाथि विभिन्न विधिमार्फत नियन्त्रण हुने प्रचलन छ । जिम्मेवार पदाधिकारीहरूले उचित क्रियाशीलता देखाए मात्र संविधान तथा सिद्धान्तको आशय कार्यान्वयन हुन्छ । यही आशय पूरा गर्न कुन काम कुन कार्याविधिबाट कसले गर्ने भन्ने जिम्मेवारी एवं जवाफदेहिता तोकेर आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन जारी गरिएको छ तर अहिले पनि बजेट विनियोजन प्राथमिकतापूर्ण नभएको, विभिन्न शीर्षकमा क्रियाकलाप नदेख्ने गरी राखिएको, फजुल खर्च हुने गरेको, योजना र बजेटबिच सन्तुलन नभएको, क्रियाकलाप र कार्यक्रमबिच तालमेल नमिलेको जस्ता आरोप लाग्न छाडेको छैन । प्राथमिकताप्राप्त आयोजनामा खर्च हुन नसक्ने तर कतिपय क्रियाकलापमा भने सजिलै खर्च हुनुले लाग्ने गरेका आरोप सत्य पनि छन कि भन्न सकिने स्थिति छ । महालेखा परीक्षकका वार्षिक प्रतिवेदनले पनि खर्च तथा क्रियाकलाप नियन्त्रण गर्ने सन्दर्भमा नीतिगत बेरुजु देखाउँदै आएको छ ।

बजेट नीति तथा कार्यक्रमलाई उद्देश्यमूलक बनाउनु बजेट नियन्त्रणको प्रमुख उद्देश्य हो । निकायलाई सङ्गठनको उद्देश्यतर्फ अभिमुखित गर्नु, निर्णयको गुणस्तर बढाउनु (व्यवस्थापकका निर्णय र सङ्गठनको उद्देश्यबिच आबद्धता कायम गर्नु), क्रियाकलापलाई समन्वयपूर्ण बनाउनु, स्रोतसाधनको उपयोगलाई मितव्ययी र स्वच्छ बनाउनु र यी काममार्फत सङ्गठनको प्रभावकारिता बढाउनु नियन्त्रणको उद्देश्य हो । बजेट नियन्त्रण नीतिगत तहमा, कार्यगत तहमा, बजेट तर्जुमाका समयमा, स्वीकृतिका चरणमा, मूल्याङ्कन र निगरानीका चरणमा गर्नु आवश्यक हुन्छ ।

बजेट तर्जुमा तथा खर्च नियन्त्रणमा कार्यकारिणीको महत्वपूर्ण भूमिका रहन्छ । नियन्त्रणको प्रक्रिया पूर्वबजेट चरणदेखि बजेट कार्यान्वयनका चरणसम्म रहन्छ । बजेट तर्जुमाका सन्दर्भमा कार्यकारिणी अन्तर्गतका सबै निकायको भूमिका रहे पनि अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगको भूमिका निर्णायक हुन्छ । आयोग विकास प्राथमिकता र बजेट सीमाङ्क निर्धारणमा महत्वपूर्ण भूमिका खेल्छ भने अर्थमन्त्रालय बजेटका नीति प्राथमिकताको सिद्धान्त तर्जुमा, साधन र सहायता परिचालन, खर्च व्यवस्थापन र बैङ्क तथा मौद्रिक नीतिलाई निर्दिष्ट पार्ने काममा अहम्कारी रहन्छ । यी कार्यमा मन्त्रालयले दुई आधारमा बजेट नियन्त्रण गर्दछ : (क) पूर्वबजेट चरणमा प्राविधिक, वित्तीय र नीतिका आधारमा र (ख) बजेटपश्चात्को चरणमा कोष व्यवस्थापन, रकमान्तर, प्राथमिकता परिवर्तन, निकासा रोक्का र खर्चको अनुगमनको आधारमा ।

आगामी वर्षमा कार्यान्वयन हुने विकास कार्यक्रम तथा नीति, प्राथमिकता निर्धारणका सन्दर्भमा मन्त्रीपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय अन्य विषयगत मन्त्रालयबाट मातहत निकाय नियन्त्रित हुन्छन् । कार्यक्रम तथा नीतिका सिद्धान्त तय, कार्यक्रम कार्यान्वयनको अख्तियारी, कार्यक्रम स्वीकृति, कार्यक्रम संशोधन तथा निकासा नियन्त्रण, कार्यक्रमको अनुगमन तथा प्रगति समीक्षा, नीति, कार्यक्रम तथा क्रियाकलाप समन्वय, कार्यसञ्चालन मापदण्ड निर्धारण, प्रशासनिक सुपरिवेक्षण, आन्तरिक लेखा परीक्षण र व्यवस्थापन परीक्षण एवं मूल्याङ्कनका विधिमार्फत नियन्त्रण गरिन्छ ।

बजेट नियन्त्रणमा महत्वपूर्ण भूमिका गर्ने निकाय संसद् र संसदीय समिति हुन् । प्राप्त हुने स्रोत कुन हो र त्यसलाई कहाँ कसरी खर्च गर्ने भन्ने विषय कार्यकारिणीकै भए पनि यससम्बन्धी अख्तियारी र वैधता परीक्षणको काम भने जनताको प्रतिनिधिका हैसियतले संसद् र यसका समितिको हो । संसद्ले सामान्यतः पूर्वबजेट छलफल, विनियोजन तथा आर्थिक विषयमा दफावार छलफल र समर्थन, विभिन्न प्रस्तावमा प्रश्नोत्तर तथा मतदान, समिति, दृष्टिगोचर, सुनुवाइ र छानबिन गरेर बजेट कार्यक्रमलाई नियन्त्रण गर्छन् । संसद आश्वस्त हुन नसके राजनीतिक प्रक्रियाबाट पनि सरकारमाथि नियन्त्रण गर्छ ।

संसद र यसका समितिमा पेसागत विज्ञता रहँदैन न कार्यगत स्थिरता नै रहन्छ । त्यसैले संसद्का तर्फबाट प्रशासनिक कार्यमाथि नियन्त्रण, जाँच, अनुसन्धान र सुपरिवेक्षणका लागि स्वायत्त/संवैधानिक निकाय खडा गर्ने प्रचलन लोकतान्त्रिक मुलुकमा रहिआएको छ । सुरुमा सरकारी खर्चको परीक्षणका लागि सर्वोच्च लेखा परीक्षण संस्था गठन एवं परिचालन गर्ने प्रचलन रहेकोमा अहिले अन्य प्रशासनिक तथा नागरिक अधिकारसम्बन्धी काम व्यवस्थित गर्न विभिन्न निकाय गठन गरिँदै आएको छ । महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका संस्था यस कोटीमा पर्छन् । यस्ता निकायले खर्चको कानुनी आधारको पर्याप्तता, संसदीय अनुमोदनको अवलम्बन अवस्था, अधिकारवालाले खर्चको स्वीकृति गरेको अवस्था, आर्थिक नियम, कानुन, सिद्धान्त तथा मापदण्ड पालनको स्थितिको विवेचना गरेर बजेट नियन्त्रण गर्छन् । संविधानले महालेखा परीक्षकलाई मितव्ययिता, नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य पुऱ्याए नपुऱ्याएको स्थितिको परीक्षण गर्ने जिम्मेवारी दिएको छ । अन्य संवैधानिक आयोगले आफ्ना विषय क्षेत्रमा प्रशासनिक कार्यव्यवहारको नियन्त्रण, अनुगमन र सार्वजनिक जिम्मेवारीमा रहनेहरूको आचारण परीक्षण गर्छन् ।

बजेट नियन्त्रणमा सबैभन्दा अहम् भूमिका लेखा विधिले लिने गर्छ । लेखा प्रणाली बजेट तथा अन्य आर्थिक कारोबारलाई संसदीय स्वीकृति र स्थापित लेखामान अनुरूप निर्दिष्ट गर्ने विधि हो । लेखा प्रणालीबाट उत्पादन भएका सूचना तथा जानकारीलाई सार्वजनिक निकायको जवाफदेहिता मूल्याङ्कन र नीति कार्यक्रम निर्माणमा उपयोग गरिन्छ । लेखा विधिले खर्च तथा आयका क्रियाकलापलाई विषयान्तर हुन दिँदैन । कारोबारको अभिलेखले शीर्षकगत र स्रोतगत राखिने हुनाले बजेट कार्यान्वयनको यथार्थ अवस्थासमेत बताउने गर्छ । यसले प्रवाहले गर्ने सूचना (मासिक प्रतिवेदन, वार्षिक विवरण, एकीकृत वार्षिक विवरण)ले जिम्मेवारी पदाधिकारीको वित्तीय जवाफदेहिता मूल्याङ्कनमा पनि सघाउँछ । लेखा प्रणालीले भनिएको समयका भनिएको वित्तीय जानकारीसमेत उपलब्ध गराउने हुनाले निकासा तथा खर्च नियन्त्रण, बजेट समर्पण, रकमान्तर, कार्यक्रम संशोधन गर्ने आधार पनि दिन्छ । नेपालको लेखा प्रणाली आधुनिक हुँदै आएको छ । यसलाई उपयोग गरेर सरकारी कोष व्यवस्थापन वास्तविक बनाउन सकिने अवस्था छ ।

राम्रा विधि तथा प्रविधिको व्यवस्था भए पनि तिनलाई वास्तविकतामा उतार्ने काम भने सम्बद्ध पदाधिकारीको हो । जिम्मेवार एवं जवाफदेही पदाधिकारीको व्यावसयिक निष्ठामा मात्र कानुन कार्यविधिले वास्तविक रूप पाउँछ । केही वर्षदेखिको बजेट निर्माण तथा कार्यान्वयनको विश्लेषण गर्दा व्यावहरजन्य पक्षमा सुधारको सम्भावना देखिएको छ ।
पहिलो कुरा स्रोत समितिले निर्धारण गर्ने बजेटको आकार कहिल्यै वास्तविक भएन, यसलाई सुधार गर्नुपर्ने अवस्था छ । साथै सम्बद्ध निकायलाई स्रोत समितिले उपलब्ध गराउने सीमा तजबिजी छ । कुन निकायलाई कति साधन आवश्यक हुने हो भन्ने यथार्थ निरूपण गरिँदैन । बजेट मार्गदर्शन र सिद्धान्तले विनियोजनका मापदण्ड, आयोजना बैङ्क, मध्यकालीन खर्च संरचना भनिए पनि वास्तविकतामा त्यसले कार्य रूप पाएका छैनन् । आयोजना तथा क्रियाकलाप प्राथमिकताका आधारहरू निर्धारण नगरिएकाले साधन विनियोजनलाई लक्ष्यसँग आबद्ध गराउन सकिएको छैन । अमूक स्थान र आयोजनामा अन्य क्षेत्र वा आयोजनाभन्दा धेरै विनियोजन हुने गरेको छ । ससाना आयोजनामा रकम छरिएको छ । यसले तर्जुमा तहमा नै दह्रिलो नीति नियन्त्रणको आवश्यकता देखाएको छ ।

बजेट व्यवस्थापन सूचना प्रणालीमा क्रियाकलाप प्रविष्ट गर्दा ती वास्तविक भए नभए वा दोहोरिए नदोहोरिएको सत्यापन गर्ने प्रणाली विकास छैन । बजेट व्यवस्थापन सूचना प्रणालीमा धेरै क्रियाकलाप प्रविष्ट हुन्छन्, यसको निर्दिष्टीकरण गर्नु आवश्यक छ । साथै मन्त्रालय, योजना आयोग र अर्थ मन्त्रालयबिच कार्यमूलक प्रणाली र स्वचालित जानकारी प्रवाह हुने प्रणाली बसाल्न आवश्यक छ । बजेट छलफललाई अर्थपूर्ण बनाउन यी तीन निकायबिचको सहकार्य चाहिन्छ । संसदीय स्वीकृतिलाई विस्तृत र वास्तविकतामा आधारित बनाउन आवश्यक छ । पूर्वबजेट छलफल पनि विस्तृत भएन, बजेटको दफावार छलफलले प्राथमिकता र सामर्थ्यलाई न्याय गर्दैन । बजेट स्वीकृतिपछि कार्यान्वयनका क्रममा लेखा उत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति र विभागीय मन्त्रीले वित्तीय क्रियाकलापको जिम्मेवारी लिनुपर्ने गरी तोकिएको जवाफदेहिता कार्यान्वयनमा निकै कमजोर छ । आवधिक रूपमा गरिने बजेट समीक्षामा गहन बनाउन आवश्यक अभ्यास चाहिन्छ । बजेट नियन्त्रणका निकायमा क्षमता विकास र प्रणालीको संस्थानीकरणको सख्त आवश्यकता छ ।

बजेटलाई प्रभावकारी नियन्त्रण गर्न सकिएमा तहगत सरकारको आकार तथा कार्यप्रणाली छरितो हुन गई वित्तीय सुशासन कायम गर्न सकिन्छ । अहिले त्यसो हुन नसकेकाले सरकारको आकार ठुलो तर न्यून प्रभावकारी देखिएको छ । बढ्दो उपभोग खर्च, बढ्दै गएको सरकारी अनुदान, सरकारी लगानीको विस्तार, सरकारी व्यवसाय विस्तार र करको विस्तारले सरकारको आकार बढेको तर प्रभावकारिता बढ्न नसकेको देखाइरहेको छ । अर्थतन्त्रमा सरकारको आकार बढ्नु भनेको शासन बढ्नु तथा सेवा (दक्षता) बढ्न नसक्नु हो । सरकारी बजेट अवास्तविक, अनियन्त्रित र विस्तारित हुँदा सरकार आफ्नो सामर्थ्यबाट बाहिरिएर आर्थिक स्वतन्त्रतालाई साँघुरो बनाउँदै आएको छ । यसले सर्वसाधारणको आर्थिक स्वतन्त्रता साँघुरो बनाउँदै लगेको मात्र होइन, आर्थिक वृद्धिमा नकारात्मक प्रभावसमेत परेको छ । सरकारको आकार र आर्थिक समृद्धिबिच नकारात्मक सम्बन्ध छ । बजेट तर्जुमा तथा कार्यान्वयनलाई व्यवस्थित गर्ने नियन्त्रणात्मक विधि उपयोगमा ल्याउँदा धेरै हदमा सरकारको अर्थतन्त्रमाथिको हस्तक्षेप र संलग्नता घटाउन सकिन्छ, जसले आर्थिक वृद्धिको आधार खडा गर्न सकिन्छ । यसले संघीयता र आर्थिक निर्णय प्रक्रियामा पनि सहजता ल्याउँछ ।

# लगानीको प्रमुख आधार सुशासन



• डा. ज्ञानेन्द्रबहादुर कार्की

नेपाल जस्तो विकासोन्मुख मुलुकको विकास र समृद्धिका लागि लगानी सम्मेलन अत्यन्त महत्वपूर्ण हुन्छ । पर्याप्त प्राकृतिक स्रोत र सम्भावना भए पनि ती स्रोतहरूको सही सदुपयोग गर्न लगानी अपरिहार्य हुन्छ । मुलुक संघीयतामा जानुअघिदेखि नै सरकारले लगानी सम्मेलन गरिरहेको थियो । संघीयता लागु भएपछि संघीय सरकार र प्रदेश सरकारले लगानी सम्मेलनको आयोजना गरिरहेका छन् । सम्मेलनमार्फत लगानीको प्रतिबद्धता उच्च भए पनि वास्तविक लगानी न्यून मात्रामा भित्रिने गरेको छ । न्यून लगानी भित्रिनुका कारणको खोजी गरी समस्याको समाधान गरेर उत्पादन र बजारीकरणलाई बलियो बनाउने नीति राज्यले अवलम्बन गर्नु आवश्यक देखिन्छ । लगानी कुनै पनि राष्ट्रको आर्थिक विकास र समृद्धिको प्रमुख साधनमध्ये एक हो । विशेष गरी आन्तरिक पुँजीको अभाव भएको मुलुकमा पुँजी निर्माणमा वैदेशिक लगानीको भूमिका महत्वपूर्ण मानिन्छ । लगानीले रोजगारी सिर्जना गर्नुका साथै आर्थिक ढाँचामा विविधता ल्याएर समृद्धि हासिल गर्न मद्दत पुऱ्याउँछ । नेपालमा वैदेशिक लगानीको स्थिति अनुकूल बनाउन हालसम्म गरिएका प्रयासहरू सकारात्मक भए पनि विभिन्न समस्या र चुनौतीहरू पनि छन् जसले लगानीको प्रवाहलाई प्रभावित गरिरहेको छ ।

वैदेशिक लगानीका लागि राजनीतिक स्थिरता र सुशासन पहिलो आधार हो । आर्थिक विकासलाई द्रुत गतिमा अगाडि बढाउन राज्यले राजनीतिक स्थिरता, सुशासन र भ्रष्टाचारमुक्त वातावरणको निर्माण गर्न विशेष ध्यान दिनु पर्छ । वैदेशिक लगानीकर्ताले लगानी गर्दा सुरक्षा, स्थिरता र कानुनी निश्चितता खोज्छन् । नेपालमा बारम्बार हुने राजनीतिक अस्थिरताले वैदेशिक लगानीकर्तालाई अनिश्चित बनाउने गर्छ । त्यसैले स्थिर राजनीतिक वातावरण निर्माण गर्न, ऐन कानुनको प्रभावकारी कार्यान्वयन गर्न र प्रशासनिक प्रक्रियामा सुधार ल्याउन विशेष ध्यान दिनु पर्छ । झन्झटिलो कानुनी प्रक्रिया र कर्मचारीतन्त्रको मनोवृत्तिमा व्यापक परिवर्तन गर्दै लगानीका लागि सहज वातावरण निर्माण गर्नु जरुरी देखिन्छ । लगानीकर्ताको विश्वास जित्न र लगानी बढाउन भ्रष्टाचार, ढिलासुस्ती र अनावश्यक प्रशासनिक कठिनाइको अन्त्य गर्दै एकद्वार प्रणालीबाट लगानी प्रक्रियालाई सहज र सरल बनाउनु पर्छ ।
वैदेशिक लगानी भित्र्याउने अर्को महत्वपूर्ण आधार भनेको भौतिक पूर्वाधारको विकास भएकाले यातायात, सञ्चार, ऊर्जालगायत अन्य आधारभूत औद्योगिक पूर्वाधार विकासमा जोड दिनु पर्छ । विशेष गरी रोजगारी सिर्जना गर्न सक्ने क्षेत्र कृषि, ऊर्जा, पर्यटन, औद्योगीकरण, सूचना प्रविधिलगायतका क्षेत्रमा न्यूनतम पूर्वाधारको विकास गरी लगानी आकर्षणका लागि रणनीतिक योजना तयार गर्न सक्नु पर्छ । नेपालमा ऊर्जा उत्पादनका लागि जलस्रोतको प्रचुर सम्भावना छ भने पर्यटन उद्योग पनि देशको प्रमुख आर्थिक क्षेत्र हुने बलियो आधार छ । त्यस्तै कृषिमा पनि आधुनिक प्रविधि भित्र्याएर व्यावसायिक रूपमा उत्पादन बढाउने सम्भावना त्यत्तिकै प्रबल छ ।

प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न नेपालले अन्य मुलुकसँग प्रतिस्पर्धी क्षमताको विकास गर्न जरुरी छ । प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्रको वर्गीकरण गरी सन्तुलित विकासका लागि कुन क्षेत्रमा लगानीलाई प्राथमिकता दिने भन्ने स्पष्ट खाका तयार गरी लगानीलाई सही क्षेत्रमा केन्द्रित गरिनु आवश्यक छ । वैदेशिक लगानी आकर्षित गर्न राज्यले वैदेशिक लगानीको स्थिति, वैदेशिक लगानीलाई प्रभाव पार्ने अन्तर विषय, हालसम्म गरिएका प्रयास, त्यसका उपलब्धिबारे अध्ययन अनुसन्धान गरी थप सुधार गरेर वैदेशिक लगानी भित्र्याउने रणनीति बनाउनु पर्छ । तिनै तहका सरकारले स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्न नीतिगत सुनिश्चितता र सुरक्षाको प्रत्याभूति दिन सक्नु पर्छ ।
नीतिगत अस्थिरताले लगानीलाई बेफाइदा पुऱ्याउने भएको हुँदा राज्यले स्थिर लगानी नीति अगाडि ल्याई वैदेशिक लगानी आकर्षित गर्न संस्थागत तथा नीतिगत सुधार र स्थायित्वको विश्वास लगानीकर्तालाई दिलाउन सक्नु पर्छ । साथै विश्वव्यापी मूल्य शृङ्खलामा जोडिन र निर्यातलाई महत्व दिने उद्देश्यले वैदेशिक लगानीलाई उच्च प्राथमिकतामा राखेर नीतिगतलगायतका समस्या समाधान गर्दै ठुलो मात्रामा विदेशी पुँजी भित्र्याउने रणनीतिक योजनासहित अगाडि बढ्नु पर्छ । प्रशासनिक ढिलासुस्तीलाई सहज रूपमा व्यवस्थित बनाउँदै आयात निर्यातमा लागत घटाएर व्यापार व्यवसायलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन सक्नु पर्छ । साथै कच्चा पदार्थ र अर्धतयारी वस्तुको भन्सार दर घटाएर लागत कम गर्ने नीतिलाई पनि निरन्तरता दिन सक्नु पर्छ ।

प्रत्यक्ष वैदेशिक लगानीको माध्यमबाट आर्थिक विकास र समृद्धिमा गुणात्मक फड्को मार्न सफल मुलुकबाट पाठ सिक्दै वैदेशिक लगानी भित्र्याउने नीति तथा अनुकूल वातावरण बनाउन सबै राजनीतिक दलले ऐक्यबद्धता जनाउनु पर्छ । मुलुकमा राजनीतिक संरचनामा आएको परिवर्तन अनुसार नै आर्थिक संरचनालाई परिमार्जन गरी सहज लगानी मैत्री वातावरण बनाउने नीति लिनु पर्छ । वैदेशिक लगानीको लागि सहज र सरल कर प्रणाली, स्थिर विनिमय दर तथा लगानीमैत्री वित्तीय नीतिहरू अत्यन्त महत्वपूर्ण हुने भएकाले विशेष आर्थिक क्षेत्रको व्यवस्थापन, विनिमय दरको स्थिरता र लचिलोपनको नीति, न्यून कर तथा भन्सार दर नीति, लगानीकर्तालाई प्रदान गरिने सहुलियतका प्याकेज बढाउँदै लगानी आकर्षित गर्न सक्नु पर्छ ।
साथै अन्तर्राष्ट्रिय व्यापार सम्झौता र आर्थिक कूटनीतिक सम्बन्धको विकास गर्दै वैदेशिक लगानीको प्रवाहलाई प्रभावित गर्न सक्नु पर्छ । नेपालले वैदेशिक लगानीलाई प्राथमिकतामा राखेर आफ्ना नीतिहरू विकास गर्दै आएको भए पनि यस क्षेत्रमा धेरै सुधार गर्न आवश्यक देखिन्छ । हाम्रो नीतिगत, अवधारणागत, संरचनागत पक्ष, हाम्रो व्यवहार र दृष्टिकोणमा सुधार गर्नुपर्ने देखिन्छ । वैदेशिक लगानी सहजसँग नभित्रिनुका कारणको खोजी गर्दै यस क्षेत्रका समग्र समस्या पहिचान गरी लगानीमैत्री वातावरण बनाउने रणनीति राज्यले लिन सक्नु पर्छ । बजारको आकार र पहुँच पनि लगानी आकर्षित गर्ने महत्वपूर्ण आधार भएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच प्रदान गर्ने बजार व्यवस्थापन नीति अख्तियार गर्नु अनिवार्य देखिन्छ ।

आर्थिक विकासलाई द्रुत गतिमा अगाडि बढाउन वैदेशिक लगानीका साथै स्वदेशी र प्रवासी नेपालीलाई समेट्न सक्नु पर्छ । प्रत्यक्ष वैदेशिक लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्दै गैरआवासीय नेपालीलाई औद्योगिक विकासमा संलग्न गराउने प्रयास गर्नु पर्छ । विदेशमा आर्जन गरेको ज्ञान, सिप र पुँजीलाई स्वदेश भित्र्याएर औद्योगिक विकास गर्ने रणनीति लिएको खण्डमा मुलुकलाई आर्थिक रूपमा बलियो बनाउन सकिन्छ । त्यसका लागि गैरआवासीय नेपालीलाई प्रोत्साहित गर्ने विशेष नीति तथा कार्यक्रम ल्याउन सक्नु पर्छ । लगानी गर्दा जसले पनि नाफा कमाउने उद्देश्य राख्छ र कमाएको रकम विदेशीले विदेशमा लैजान्छ भन्ने कुरामा स्पष्ट भएर वैदेशिक लगानी भित्र्याउनु पर्छ । वैदेशिक लगानीले पुँजी र रोजगारी दुवै बढाउनुको साथै आर्थिक विकास र समृद्धिमा फड्को मार्न ठुलो टेवा पुऱ्याउने भएकाले लगानीमैत्री वातावरण निर्माणमा विशेष जोड दिनु अपरिहार्य छ ।

औद्योगीकरणको अभियानमा दक्ष श्रम शक्तिले उत्पादन लागत कम गर्ने भएकाले आवश्यक दक्ष श्रम शक्ति राज्यले उपलब्ध गराउने भरपर्दो आधार तयार गर्न सक्नु पर्छ, त्यसले विदेशी लगानीकर्ता आकर्षित हुने वातावरण बन्छ । विश्वमा नै मानव स्रोतसाधनको अभाव भइरहेको अवस्थामा नेपाल उर्वर भूमि छ तर मानवीय स्रोतलाई स्वदेशमा नै रोजगारी व्यवस्थापन गर्न सक्नु पर्छ । त्यसका लागि प्रत्यक्ष वैदेशिक लगानीमा जोड दिँदै औद्योगीकरणको अभियानलाई तीव्र गतिमा अगाडि बढाउनुको विकल्प देखिँदैन । वैदेशिक रोजगारमा बिदेसिएका नागरिकलाई स्वदेशमा नै आकर्षित गर्न उनीहरूका साना तथा ठुला लगानीका व्यवसायलाई राज्यले सहकार्य गरेर प्रोत्साहित गर्नु पर्छ ।

# सौन्दर्य शास्त्रमा भयवादको प्रयोग



• सिएन गौतम

वास्तवमा सौन्दर्यशास्त्र एक दार्शनिक अध्ययनको शाखा हो ।जसले सौन्दर्य, कला, र संगीत जस्ता रचनात्मक अनुभवहरूको स्वभाव र मूल्यबारे छलफल गर्छ। यसले मानिसहरूको सौन्दर्यको भावना, कला र सौन्दर्यको मान्यता र तिनको प्रभावको बारेमा अध्ययन गर्दछ। तर अहिले " सौन्दर्यशास्त्र र बजारीकरणको धारणा फरक छ ।यसमा मानिस सुन्दर हुन चाहन्छ । अरुभन्दा राम्रो हुन चाहन्छ । अरुबाट आफ्नो ध्यान खिच्न चाहन्छ । त्यसको लागि ऊ विभिन्न किसिमका उपायहरु अपनाउन तयार हुन्छ र बजारमा उपलब्ध भएसम्मका सौन्दर्य सामग्री प्रयोग गर्न खोज्दछ, अझ यो जिज्ञासा किशोर तथा युवाहरुमाझ असाध्य धेरै हुने गर्दछ ।तर मैले बुझेअनुसार सौन्दर्यशास्त्रभित्र पनि भयवाद लुकेको हुन्छ भन्ने हो।

**के हो भयवाद ?**

नेपाली दार्शनिक देश सुब्बाले प्रतिपादन गरेको एउटा नयाँ दर्शनको रुपमा भयवाद अघि बढेको छ। भयवाद भय र 'वाद' शब्दको संयोजनबाट बनेको छ। भय भन्नाले सामान्यतया डर त्रास र वाद भन्नाले विचार भन्ने बुझिन्छ।भय जीवन र जगतमा व्याप्त छ। यसको उद्गमविन्दु चेतना हो।चेतनाले जीवनलाई देख्छ र जीवनले संसार देख्छ।वास्तवमा जीवनसँग जसरी सम्बन्धित चिकित्सा विज्ञान, वैज्ञानिक आविष्कार, अस्तित्ववाद, मार्क्सवाद, जीवनवाद, मनोवाद, अध्यात्मकवाद सबै नै सापेक्षित छन् त्यसरी नै भयवाद पनि सापेक्षित भएर नै अगाडि आएको छ।

सौन्दर्यशास्त्रमा भयवादको मेलः

मानौं, यहाँ कुनै एक युवती कुनै युवकको प्रेममा परेकी छन् भने उनले आफ्नो प्रेमीको सारा ध्यान आफूसँग खिच्न चाहन्छिन्। त्यसको लागि उनी जति सुन्दर छिन् ,त्योभन्दा बढी सुन्दर हुन हरेक उपाय गर्छिन्। यसो गर्नुको मतलब हो उनीभित्रको भय किनभने उनीभन्दा अर्को युवती राम्री देखिई भने उनको प्रेमीको ध्यान त्यतै जानेछ। यसरी यहाँ भय उत्पन्न भएको छ।

त्यसैगरी कुनै एक विद्यार्थीले राम्रो अङ्क ल्याउन सक्दिन होला भनेर पढ्ने गर्दछ ।त्यतिमात्र होइन उसको मनमा भय उत्पन्न भएपछि अक्षर सुन्दर बनाउन थाल्छ।किताबका अक्षरहरु सुन्दर देख्न थाल्छ।त्यसरी नै समाजका हरेक मानिस आफ्नो सुन्दर भविष्यको कल्पना गरेर नै हरेक क्षेत्रमा अघि बढ्छ तर, उसलाई अघि बढ्न हौसला दिने काम भयवादले गरेको हुन्छ।

कुनै बेला एक पुराणमा एक प्रवचकले प्रवचन दिँदा यसो भने "वास्तवमा हाम्रो उमेर ५० वर्षको मात्र थियो ,जब यमराज हामीलाई लिन आए ,त्यतिखेर हामीले उनलाई झुक्याइदियौँ, सेतो कपालमा कालो रङ दलिदियौँ,चाउरीपन हटाउन अनेक किसिमका क्रिम लगायौँ,मेकअप गर्यौँ,झरेका दाँत भर्यौँ।"यसो भन्दा त्यहाँ बस्ने सबैजना बडो चित्तबुझ्दो ढङ्गले खितिति हाँसे ।यसको मतलब हामी चाँडैं बुढो हुने र आफ्नो कालगति रोक्ने भयले सुन्दर हुन खोजिरहेका छौँ ।

सौन्दर्य शास्त्रबारे एक लेखकले एक ठाउँ यस्तो उदाहरण दिएका छन् "जब कुनै एक जोडी प्रेममा परेर विवाह गर्छन्, आपसमा बडो प्रेम गर्छन् ,एकले अर्कोलाई खुबै प्रशंसा गर्छन् एक अर्का बिना बाँच्नै नसक्ने कसम समेत खान्छन् तर, त्यही जोडी भविष्यमा गएर सम्बन्ध विच्छेद गर्ने घटनामा पुगेपछि एकले अर्कालाई हेर्न समेत रुचाउँदैनन् । बाटोमा जम्काभेट भए पनि आँखा तर्केर हिँडछन् आखिर त्यस्तो किन हुन्छ ? हिजोसम्म त्यो मानिस जसलाई संसारकै सुन्दर देखेको ऊबिना बाँच्नै नसक्ने तर, सम्बन्ध विच्छेदपछि सबै किन एक्कासि परिवर्तन हुन्छ ?"

वास्तवमा यो सबै सुन्दर हुन जबर्जस्ती गरिएको अभिनयको परिणाम हो।गल्ती गर्दै गए सम्बन्ध विच्छेद हुनसक्छ भन्ने भय दुवैमा हुनुपर्थ्यो।

दार्शनिक देश सुब्बाले भयसँगै अर्को तथ्य पनि उजागर गरेका छन् "अँध्यारोमा देखिएको डोरीलाई सर्पको भयले छोपेपछि सर्प नै देखिन्छ तर, चेतनाले त्यो डोरी देख्न सकिन्थ्यो ।त्यसकारण भयमा चेतनाको सुन्दर प्रयोग हुन आवश्यक छ।"आफ्नो बुवा आमा जति बुढो भएपनि सुन्दर देखिनु,चेतनाले गर्दा हो।देखिएको सुन्दर गुलाबको फूल टिप्न काँडाको भय हुने गर्दछ तर काँडा नहुँदा पनि गुलाब सुन्दर देखिदैन। त्यसैले यहाँ आ-आफ्नो गल्तीको भ्रमलाई सुन्दरताको विश्वासले ढाक्न सक्नुपर्छ ।

अतः देश सुब्बाको भयवादलाई फरक फरक वाद र चिन्तनसँग राखेर अध्ययन र प्रयोग गर्दागर्दै मैले सौन्दर्य शास्त्रसँगको प्रयोग गरेको छु । यो कति उचित हुनेछ भन्ने कुरा पाठकको हातमा छोडेको छु।

## बिर्तामोडमा नाङ्गो खुकुरी बोकेर हिड्ने वृद्ध पक्राउ

बिर्तामोड(प्रस) । बिर्तामोडमा हातमा नाङ्गो खुकुरी बोकेर हिड्ने एकजना वृद्धलाई प्रहरीले पक्राउ गरेको छ । मानसिक सन्तुलन ठीक नभएको जस्तो देखिने अन्दाजी ६० वर्षका वृद्ध केही दिनदेखि बिर्तामोडमा हातमा नाङ्गो खुकुरी बोकेर घुमिरहेका थिए । उनलाई शुक्रवार साँझ बिर्तामोडको भद्रपुर रोडबाट पक्राउ गरिएको हो । मानसिक अवस्था ठीक नभएकाले खुकुरी खोसेर वृद्धलाई छोडिदिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

श्रेष्ठ थरका ती वृद्ध बिर्तामोड ६ स्यालडाँगीको भएको बताइएको छ । परिवार र समाजलाई हतियार देखाएर आतंकित पारेपछि यसअघि उनलाई पुनर्स्थापना केन्द्रमा राखिएको थियो ।

### बिर्तामोड...

स्वरोजगार र साना उद्यमका माध्यमबाट आफ्नो आर्थिक उपार्जनलाई दर्बिलो बनाउने प्रयत्नमा लागिपरेका उद्यमी व्यवसायीलाई महोत्सवले प्रोत्साहनसहितको प्राथमिकता दिएमा समग्र कार्यक्रम मेलाबजारमा मात्रै संकुचित हुन पर्दैन थियो ।

बेमौसमी मेलाबजारहरूको भीडबाट आफ्नो अलग परिचय कायम गर्न पनि बिर्तामोड औद्योगिक व्यापार महोत्सवले हस्तकला, तयारी पोशाक, मौलिक खाद्य सामग्री, कृषि प्रशोधन र स-साना व्यवसाय सञ्चालन गर्ने समुदाय तथा समूहलाई समावेश गराउनु अनिवार्य छ ।

सीमावर्ती भूगोलमा रहेको यो शहरलाई भारत, भुटान र बङ्गलादेशसँग दुईपक्षीय व्यापारको प्रवर्द्धनका निमित्त महोत्सवमार्फत जोड्न सकिने सम्भावना उत्तिकै नजिक छ।

आर्थिक समृद्धिलाई मुख्य उद्देश्य राखी सञ्चालन गरिने यो महोत्सवले दीर्घकालीन रुपमा प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने अपेक्षा पनि झापावासीले गरेका छन्।

यस क्षेत्रका प्रमुख पर्यटकीय स्थल, देवस्थल र परा-पर्यटनको प्रचुर सम्भावना बोकेका स्थानहरूलाई पनि यो महोत्सवका आगन्तुकहरूसँग प्रत्यक्ष /अप्रत्यक्ष जोड्न सके दूरगामी सकारात्मक प्रभाव पर्ने कुरामा दुई मत नहोला ।

अत्याधुनिक साङ्गीतिक प्रस्तुतिहरू र खेलसामग्री त रहन्छन् नै यो महोत्सवमा। यसभित्र पनि नेपाली कला र संस्कृतिका विविधताहरुलाई समेट्न सके मनोरञ्जनका अलावा नवीन पुस्तालाई गौरव गर्न योग्य सिकाईहरु पनि प्रदान गर्न सकिन्थ्यो । विविध जाति र भाषीहरूको मौलिक सांस्कृतिक प्रस्तुतिलाई पनि प्राथमिकतामा राखेर यो महोत्सव सञ्चालन गरिनु अर्को अनिवार्यता हो।

झापाको बिर्तामोडमा अब हुने औद्योगिक व्यापार मेला र महोत्सवहरू वस्तु किनबेचका लागि मात्रै सीमित हुनु हुँदैन। यस किसिमका इभेन्टहरूमा विचारसमेत आदानप्रदान हुनुपर्दछ। जसले साना ठूला राष्ट्रिय अन्तर्राष्ट्रिय उद्योगी व्यवसायीहरूबीच एउटै मञ्चमा अन्तरक्रिया हुन सकोस्। आफ्ना नयाँ उत्पादन सेवा र व्यवसायिक अवधारणाहरू प्रस्तुत गर्ने अवसर प्राप्त हुन सकोस्। नयाँ र नवीन उत्पादनहरू, उत्पादन विधि वा डिजाइनलाई प्रोत्साहित र सम्मानित गर्न सकियोस्। अनुभवी र अग्रजका सफलताका कथाहरूलाई अनुसरण गर्न पाइयोस्। यिनै महोत्सवहरूमार्फत व्यवसायीहरूलाई डिजिटल मार्केटिङ, ग्राहक सेवा र ब्राण्ड विकासका आधुनिक विधिहरु पनि सिकाउन जरुरी छ। व्यवसायको वित्तीय योजना, लगानी रणनीति र आर्थिक जोखिम व्यवस्थापनका उपायहरू आदानप्रदान गर्दै इकमर्स प्लेटफर्महरु, मोबाइल एप्स र अन्य प्रविधिहरूको प्रयोगमार्फत व्यापार प्रवर्द्धन गर्ने किसिमका ज्ञान बाँड्न सके यस प्रकारका महोत्सवको महत्व अझ मजबुत हुँदै जाने थियो। उत्पादक र उपभोक्ताको चाहनाबमोजिम नेपालमा उत्पादित एवम् आयातित वस्तु र सेवाहरूलाई एउटै थलोबाट अवलोकन गराउँदै उपभोग गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ आयोजना हुन गइरहेको बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापारमा उत्सव २०८१ समग्र व्यवसायीको उत्साह बढाउँदै उद्यमी र उद्योगहरूको पहिचान अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन सफल बनोस् ! हार्दिक शुभेच्छा शुभकामना ।

# देवीको वार्षिकोत्सवमा ज्येष्ठ नागरिक र विद्यार्थीलाई सम्मान

बिर्तामोड(प्रस) । झापा बिर्तामोडको देवी माध्यमिक विद्यालयले बिर्तामोड-५ का दुईजना ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ ।

ज्येष्ठ नागरिकहरुमध्ये सबैभन्दा बढी उमेरका पुरुषतर्फ १०१ वर्षीय प्रेमप्रसाद निरौला र महिलातर्फ ९८ वर्षीया गोमादेवी शिवाकोटीलाई विद्यालयको ६२ औँ वार्षिकोत्सवको अवसरमा शुक्रवार सम्मान गरिएको हो ।विद्यालय र समुदायबीचको सम्बन्ध बलियो बनाउन उनीहरुलाई सम्मान गरिएको प्रधानाध्यापक अम्बिका श्रेष्ठले जानकारी दिइन् । त्यस्तै, पाँच किलोमिटरको देवी रन दौड प्रतियोगिताका विजेतालाई पुरस्कृत गरिएको छ । प्रतियोगितामा खासेन चेम्जोङ र सिमाना जवेगू प्रथम भएका थिए ।

त्यस्तै, पुरुषतर्फ युकेश लिम्बू दोस्रो र कमल दुलाल तेस्रो भएका थिए । महिलातर्फ रेखा भण्डारी दोस्रो र पुनम दनुवार तेस्रो भएका थिए ।




वार्षिकोत्सवकै अवसरमा पुष ११ देखि १६ गतेसम्म भएका विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीलाई यसअघि नै पुरस्कृत गरिएको छ । विभिन्न १२५ विधामा एक हजार ६०० विद्यार्थीहरुले सहभागिता जनाएकोमा प्रथम, दोस्रो र तेस्रोसहित ७३५ विद्यार्थीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो ।

त्यस्तै, वार्षिकोत्सवकै अवसरमा उपाधि विजेतालाई नगद सात हजार, दोस्रो हुनेलाई नगद छ हजार तथा तेस्रो हुनेलाई नगद पाँच हजार, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

स्लो साइकल रेसका विजेता शाहिल नेपालीसहितलाई पुरस्कार प्रदान गरिएको थियो ।

मानबहादुर भगवती गिरी स्मृति छात्रवृत्ति अक्षयकोष, सञ्जु पाण्डे डाँगी स्मृति छात्रवृत्ति अक्षयकोष, हाकिलाल धिमाल स्मृति छात्रवृत्ति अक्षयकोष, लक्ष्मी निरौला स्मृति छात्रवृत्ति अक्षयकोष, पर्शुराम ढकाल स्मृति छात्रवृत्ति अक्षयकोष, ज्ञानुराम प्रसाईं स्मृति छात्रवृत्ति अक्षयकोष र केदार मनमाया स्मृति छात्रवृत्ति अक्षयकोषबाट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

त्यस्तै, २०८१ को कक्षा १२ का उत्कृष्ट छात्रतर्फ अनिस काफ्ले र छात्रातर्फ सिर्जना भट्टराई तथा २०८० सालको माध्यमिक शिक्षा परीक्षाका उत्कृष्ट छात्रतर्फ सुजन पौडेल, ऋषभ घिमिरे, अनुप खरेल, विमल सिटौला र छात्रातर्फ प्रज्ञा राईलाई नगदसहित देवी विद्या पदक प्रदान गरिएको थियो ।त्यस्तै, ज्ञानबहादुर बुढाथोकी र सबनम थापा दाहाललाई दीर्घसेवी शिक्षक सम्मान तथा पूर्वविद्याथी तेजु सिंह र नरेश दासलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा शिक्षक प्रतिनिधि उमेशकुमार साहुले स्वागत गरेका थिए भने स्वागत गीत शिक्षक युवराज ढकालले प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रधानाध्यापक अम्बिका श्रेष्ठले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक लीलाप्रसाद भण्डारीले गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष रोहित प्रसाईंको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोडका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, दाता परिवारका टोरुप प्रसाईं, शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख देवेन्द्रबहादुर मल्ललगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा शिक्षक तथा विद्यार्थीहरुले नृत्य तथा गायन प्रस्तुत गरेका थिए । तीन हजार २३ विद्यार्थी रहेको विद्यालयमा १४८ जना शिक्षक तथा कर्मचारीहरू रहेका छन् ।

## लिंकनमा निःशुल्क दन्त परीक्षण शिविर

बिर्तामोड(प्रस) । बिर्तामोडमा अवस्थित लिङ्कन मन्टेश्वरी स्कुलमा निःशुल्क दन्त परीक्षण शिविर सम्पन्न भएको छ ।

बिर्तामोड आँखा अस्पतालको व्यवस्थापनमा सञ्चालित नेशनल एडभान्स डेन्टलको प्राविधिक सहयोगमा शुक्रबार शिविर सम्पन्न भएको हो ।

शिविरमा विद्यार्थी र अभिभावक गरी ८० जनाको दन्त परीक्षण गरिएको बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष दिनेश ओझाले जानकारी दिए ।

विद्यालयले प्रत्येक वर्ष बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै शिविर सञ्चालन गर्दै आएकोमा यस वर्ष भने दाँतको परीक्षण गरिएको स्कुलका सञ्चालक सरोज पौडेलले बताए ।

## संविधानसभा सदस्यसहित ३६ जनालाई सम्मान



मेचीनगर(प्रस) । झापाको मेचीनगर– ८ मा रहेको दुर्गेश्वरी कृषि सहकारी संस्था लि.ले संविधानसभा सदस्य चन्द्रलाल मेचे र संस्थाका संस्थापक शेयर सदस्यसहित ३५ जनालाई सम्मान गरेको छ ।

शुक्रवार संस्थाको १६ औं वार्षिक साधारण सभामा प्रमुख अतिथि मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेती र विशिष्ट अतिथिहरुले दोसल्ला मायाको चिनोसहित सम्मानपत्र प्रदान गरेका थिए । साधारण सभाका अवसरमा व्यवस्थापक गंगाप्रसाद मेचेले संस्थाले एक वर्षे कार्यकालमा ३४ हजार ६ सय ५३ रूपैयाँ नाफा गरेको बताए । चालू आर्थिक वर्ष ०८१/०८२ मा संस्थाले ११ लाख ५० हजार रूपैयाँ नाफा गर्ने लक्ष्य लिएको व्यवस्थापकको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा मेचीनगर नगरपालिका वडा नम्बर -८ का वडाध्यक्ष गिरीराज धमला, बचत तथा ऋण सहकारी संस्था कोशी प्रदेश कोषाध्यक्ष विशेश्वरप्रसाद भट्टराई बिन्ती बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष दशरथ खडियालगायतले बोलेका थिए ।संस्थाका अध्यक्ष खिला मेचेको अध्यक्षतामा भएको उद्घाटन सत्रमा सचिव रेवन्तराज पोखेलले सञ्चालन र कर्जा समिति सदस्य तिलकुमारी अधिकारीले शब्दद्वारा स्वागत गरेका थिए ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** – आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने

**वृष** – आँटेको र ताकेको कार्य पुरा होला । प्रतियोगितात्मक क्रियाकलापमा विजय

**मिथुन** – परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । आर्थिक लाभ हासिल हुन सक्ने देखिन्छ ।

**कर्कट** – यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।

**सिंह** – साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**कन्या** – रमणीय र सुखद यात्राको योग पनि छ । मन कमजोर रहने सक्छ ।

**तुला** – आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** – आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । घर परिवारका सदस्यहरूबाट

**मकर** – मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कुम्भ** – आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।

**मिन** – इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।